## जिल्ला विकास समितिको कार्यालयको कपिलवस्तु







## सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**२०७३/०७/२६ गते**

रेडियो वाणगंगा कपिलवस्तु

सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन मिति २०७३/०७/२६ गते

परिचय :

जिल्ला वा निश्चित स्थान भित्र भएका बिकासका निमार्णका कार्यहरु र सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा सेवा प्रदायक निकायलाई सेवाग्राही प्रति जवाफदेही बनाउन एंव सेवाग्राहीलाई पनि एक जिम्मेवार नागरिक वनाउने सामाजिक जवाफदेहिताको एक संयन्त्र हो सार्वजनिक सुनुवाई । जसको माध्यमबाट सेवा प्रदायक र सेवाग्राही बीचको विकास कार्य वा सेवा प्रदानको अन्तर सम्बन्धलाइ पारदर्शीता तरिकाले बलियो बनाउन मात्र नभएर विकासको गतिलाई अगाडी लैजान समेत बल पुग्दछ । सार्वजनिक सुनुवाईले सुसाशनका मुख्य तत्वहरु पारदर्शिता र जावफदेहित प्रवर्द्धन गर्नेजस्ता मुलभूत कुरालाई पृष्ठपोषण गर्दछ । यसै पारिवेक्षमा जिल्ला विकास समिति कपिलवस्तुले आफ्ना तथा मतहातका बिभिन्न कार्यालयहरुले प्रवाह गरेको सेवा तथा सम्पादित कार्यक्रमहरुको प्रभावकारिता र सेवाको विद्यमान अवस्था लाई मुल्याकंन गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको हो ।

**महत्व :**

हकवालाहरुमा जान्न पाउाने हकका सुनिश्चित गर्दै त्यस माथिको पहुाच बढाई उनीहरुको सशक्तिकरण गनु स्थानीय निकायहरुलाई जनता प्रति उत्तरदायी र जनमुखी बनाउन, भ्रष्टाचार न्युनीकरण गर्न, विकास कार्यमा जन सहभागिता बढाउन, समुहिक निर्णयको थलानी गराउन र मानव स्रोत तथा सामाजि भावनाको विकास गर्नको लागी सर्वजानिक सुनुवाइको महत्व बढी देखिन्छ ।

**उद्देश्य स्थानीयः निकाय खास गरी जिल्ला विकास समिति बाट संचालन हुने सार्वजनिक सुनुवाईको निम्न उद्देश्यहरु राखिएका छन ।**

क) जिल्ला विकास समिति तथा मतहातको कार्यालयहरुबाट प्रवाह भएका सेवाहरुलाई गुणस्तरिय र पहुाच बनाई सेवा ग्राहीको सन्तुष्टी बृद्धि गर्न ।

ख) जिल्ला विकास समिति तथा मतहातको कार्यालयहरु बाट प्रवाह हुने सेवाहरु वारे सरोकारवाला नागरिकहरुलाई सचेतना अभिबृद्धि गर्न ।

ग) जिल्ला विकास समिति तथा मतहातको कार्यालयहरुको क्रियाकलापहरुको सरोकारवाला नागरिकहरुप्रति जवाफदेहिता अभिबृद्धि गर्न ।

घ) जिल्ला विकास समिति तथा मतहातको कार्यालयबाट प्रवाह हुने सेवाहरुमा सरोकारवाला सेवाग्राहीहरुको सहभागितामा बृद्धि गर्नु ।

ड.) जिल्ला विकास समिति तथा मतहातको कार्यालयहरुको कृयाकलापहरुलाई पारदर्शी बनाउन ।

च) सेवाग्राहीलाई अन्ाफे हकर अधिकार प्रति सजक तथा जिम्मेवार बनाउन ।

छ) सेवा प्रदायक निकाय निकाय सेवाग्राही बिचको खाडल कम गर्न ।

कार्य :

- नेपाली राष्ट्रिय दैनिक वुद्ध दपर्णणमा २०७३ कात्तिक १९ गते सार्वजनिक सुचना प्रकाशन तथा रेडियो वाणगगा र समानता वाट समेत प्रसारण गराएको ।
- कार्यक्रम संचालन एव ब्यवस्थापनका लागी सम्बन्धित निकाय, नागरिक समाज तथा रीडइो वाणगगा संग छलफल गरिएको ।
- नेपाल सरकारले जारी गरेको स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि २०६७ अनुसारको ढाचामा सुचना संकलन नागरिक समाज पक्ष बाट गरिएको ।
- सुचना एकिकृत गरिएको ।
- पूर्व तयारी बैठकको लागी नागरिक प्रतिवेदन(CITIZENपत्र REPORT CARD) तयार गरेको ।
- पूर्व तयारी बैठक सहयोगी एवं सम्बन्धित निकायसंग गरिएको ।
- ्सरोकारवालाहरुलाई पत्रचार सम्बन्धित कार्यालयबाट गरिएको ।
- सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धित निकाय, सरोकारवाला निकायहरु, संचारकर्मी, समाजसेवी, बुद्धजिवी, ब्यवसायी तथा स्थानीय सरोकारवाला नगरिकहरुको सकृय सहभागितामासंचालन गरिएको

।

**कार्यक्रमको अध्यक्षताः अनिरुद्ध सिंह कुर्मी** , गणेशपुर गाविस सचिव

**कार्यक्रमको बारेमा स्वागत तथा उदेश्यमाथी प्रकाश : राजन पोखेल ,** सूचना अधिकृत जि.वि.स.क.व.

**कार्यक्रमको उदेश्यमाथी प्रकाशः** राजन कुमार पोखेल सूचना अधिकृत जि.वि.स.क.व.
**नागरिक लब्धाक पत्र तथा वहिगर्मन पत्र प्रस्तृतीकरण :** किरणमान बज्राचार्य उपाध्यक्ष नेपाल पत्रकार महासघ कपिलवस्तु प्रतिवेदन अनुसुचि नं. १ मा संलग्न रहेको छ ।
**कार्यक्रम संचालनः**मणि प्रसाद गैह्रे नेपाल पत्रकार
महासघ सदस्य
**टिपोटः** युवराज सापकोटा , सामाजिक परिचालक
, गणेशपुर गाविस

**कार्यक्रम संचालन प्रकृया** स्थानीयः जनता, संचारकर्मी तथा जवाफदेही समुह गरी जम्मा तीन भागमा विभाजित भई कार्यक्रम संचालन गरिएको ।

**कार्यक्रम आयोजना स्थल**:लौटन राम द्रापती मावि गणेशपुर गाविस

**कार्यक्रम आयोजना गरिएका मिति र समय** :२६ कार्तिक२०७३ ,(१:०० देखि५ :०० बजे सम्म ) **कार्यक्रम संचालन गरिएको समयावधि**(घण्टा, मिनेटमा) :४ घण्टा

जम्मा सहभागीः जम्मा ६० *जना जसमा महिला १४ र पुरुष ४४*

उठेका प्रश्न जिज्ञासा र उत्तर :

| क.स | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम थर र थर ठेगाना | सहभागिको प्रश्न गुनासो सुझाव | जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना | जवाफको छोटकरी व्योहोरा |
|---|---|---|---|---|
| १ | अब्दुल कइम , निर्वतमान गाविस अध्यक्ष , गणेशपुर | खुरहुरिया गणेशपुर सडकको पुल निर्माण हुन नसक्दा सास्ती भोग्न परेको छ यसलाई कसरी समाधान गर्न सकिन्छ । | रामचन्द्र ढकाल , योजना अनुगमन तथा प्रशासकिय अधिकृत जिविस | विगतमा काम हुन नसकेपनि यस वर्ष योजना तर्जुमाको काम सुरुभएको छ । इलाका हुदै जिल्लामा पढाउनु हामि योजना स्वृकित गर्छौ । |
| २ | राजेन्द्र मौर्या, गणेशपुर २ | आर टि ओ सडक निर्माण कार्य अझै समपन्न भएन कहिले सम्म सम्पन्न हुन्छ । | विरेन्द्र सिंह , इञ्जिनियर , सडक कार्यालय शिवपुर | काम हुदै छ वहुवर्ष योजना हो १,२ वर्षमा निर्माण कार्य समपन्न हुन्छ । |
| ३ | श्याम प्रकाश चौधरी , प्र अ लौटन राम दौपती मावि गाणेशपुर | गाणेशपुर पोखरीमा वाध निर्माणको लागी १३ वटा जाली आएको थियो पहिले ५ लाखको योजना भनिया त्यसलाई काटेर अन्तै लगी ३ लाख र २ लाख गरीयो निर्माण सम्पन्न भएन किन हो । | नेत्र बोहोरा , प्रमुख , सिंचाई डिभिजन कार्यालय | ५ लाखको योजनालाई ३ लाखको योजनामा झारिदा समस्या आएको हो यो वर्ष बाकीं काम सम्पन्न गर्ने,योजना रहेको छ । |
| ४ | हरिराम चौधरी , गाणेशपुर १ | अम्लहवा देखी भटनी सम्म पुल निर्माण नहुदा समस्या छ यो बन्छ की बन्दैन । | अनिरुद्ध सिंह कुर्मी , गाविस सचिव गाणेशपुर | यो वर्ष योजना तर्जुमा गरी जिविसमा पढाउने तयारी गरेका छौ । जिल्ला वाट पहल गरिदिनु पर्‍यो । |
| ५ | त्रिवेनी कुर्मी , गणेशपुर ३ | दुदुरा वाधको सर्वेक्षण सिचांइको लागी धेरै वर्ष भो काम सुरु भएन किन । | नेत्र बोहोरा , प्रमुख , सिंचाई डिभिजन कार्यालय | विगतको सर्वेले वर्तमानमा काम नर्गन सक्छ । त्यसको आवश्यकता यस क्षेत्रका किसानके छ मैले यस वर्षै पुन सर्वेक्षण गरी कामलाई अगाडी बढाई योजना सम्पन्न गर्ने प्रतिवद्धता जनाउदछु । |
| ६ | सजमा खातुन , गणेशपुर गाविस ८ | मैले महिला स्वंम सेवीका भएर काम गर्न लागेको विष वर्ष भयो हाम्रो सेवा सुविधा केही बढ्छ की नाई । | सन्तोष गुरुग ,इर्न्चाज , गाणेशपुर स्वास्थ्य चौकी | यो स्थानीय तहवाट समाधान गर्न सकिदैन यो त सरकारले केन्द्रवाट नै सम्वोधन गर्नुपर्दछ । हामिहरुले तपाइहरुको कामको सम्मान र पुर्नताजकी तालिम दिने मात्र गर्न सक्छौ । |

| | | | | |
|---|---|---|---|---|
| ७ | सुदामा लोनिया , गाणेशपुर २ | जिविस वाट महिला स्वंम सेविकाहरुलाई केही सुविधा दिन मिल्छ या मिल्दैन । | रामचन्द्र ढकाल , योजना अनुगमन तथा प्रशासकिय अधिकृत जिविस | यो स्वाथ्य मन्त्रालय तर्फको कुरा हो । हामिले तपाइहरुको क्षमता विकास कार्यक्रम तथा साम्रग्री माग गरेमा त्यसमा सहयोग गर्न सक्छौ । |
| ८ | विजय कुमार यादव, गाणेशपुर ७ | हामी गाणेशपुर बासी ६ फुटमा आएको पानी खान वाध्य छौ । यसलाई कसरी समाभान गर्नुपर्दछ । | रामचन्द्र ढकाल , योजना अनुगमन तथा प्रशासकिय अधिकृत जिविस | यो समस्याको विषय रहेछ । हामिले सम्वन्धीत निकायको ध्यान आकर्षण गराउदौ । अवश्य समाधानदतर्फ यसले गती पाउनेछ । |
| ९ | जलिल अहमद मुसलमान , गाणेशपुर ८ | गद्धाघाट सिचाई योजनाको काम के भएको छ विगतमा कृष्णनगर सम्म यसको कार्य क्षेत्र राजकुला भनेर सिर्चाइ हुन्थ्यो अहिले के हुदै छ । | नेत्र बोहोरा , प्रमुख , सिंचाई डिभिजन कार्यालय । | या योजना निर्माण कार्य जारी छ । सुरुमा शिवगढी, खुरहुरीया , हुदै यसको कुलो निर्माण भएको छ । त्यसपछि यता गाणेशपुर देखी कृष्णनगर सम्म पानीले भ्याय सम्म सिर्चाइ हुन्छ । |
| १० | विमला चौधरी , कविराज निरिक्षक , गाणेशपुर आयुर्वेद कार्यालय | आयुर्वेद सेवा केन्द्र निर्माण नहुदा सेवा प्रवाहमा समस्या छ । ३ कठ्ठा जग्गा पनि उपलब्ध भएको छ भवन निर्माणलाई के गर्नुपर्दछ । | रामचन्द्र ढकाल , योजना अनुगमन तथा प्रशासकिय अधिकृत | आप्नो मातहत र स्थानीय योजना तर्जुमा इलाका हुदै जिल्लामा पढाउनु त्यसलाई सम्वन्धीत निकायमा सिफारिस गर्ने काम हामी गर्दछौ । |
| ११ | चन्द्रावती कुर्मी , गणेशपुर २ | यस लौटन राम दौपत्री मावि लाइ गत वर्ष रिटनिग वाललाई छुटिएको २ लाख हामिले पर्खाल निर्माण गर्न भन्यौ तर सो हुन नसकी रकम फ्रिज भो किन | रामचन्द्र ढकाल , योजना अनुगमन तथा प्रशासकिय अधिकृत | फागुन मसान्त सम्म आएर योजना संसोधन गर्नु पर्ने हुन्छ । तपाइहरुले असरामा गएर भन्नु भो समयको कारण गर्न सकिएन । समयमै गएर भनेको भए समाधान हुन्थ्यो । |
| १२ | चन्द्रावती कुर्मी , गणेशपुर २ | गाणेशपुर स्वाथ्य चौकीमा वर्थिग सेन्टर निर्माण अधुरो छ कसरी सम्पन्न गर्ने | रामचन्द्र ढकाल , योजना अनुगमन तथा प्रशासकिय अधिकृत | जिल्ला विकास बाट आवश्यक बजेट विनियोज गरि काम सम्पन्न गर्न पहल गर्छौ । गाविसबाट सिफारिस गररेर आउनुहोस । |
| १३ | बलबन्त गुप्ता , | २, २ महिनामा सचिव | रामचन्द्र ढकाल , | कर्मचारी कम भएको कारण |

| | | | | |
|---|---|---|---|---|
| | विद्यानगर २ | परिवर्तन हुंदा जनताका काम सम्पन्न गर्न गाह्रो छ कसरी स्थिायित्व हुन्छ । | योजना अनुगमन तथा प्रशासकिय अधिकृत | काम गर्न समस्या भएको हो । यस र्ष्वा वाट हामिले सचिवको एक कार्यकाल मिलाउने व्यवस्था मिलाउदछौ । |

**१. योजना प्रशासकिय तथा अनुगमन अधिकृत : रामचन्द्र ढकाल ,**

सार्वजनिक सुनुवाइमा जिविस तथा विषयगत कार्यलयहरुले गरेकका कामका बारेमा अवस्थाको विश्लेषण गर्ने थलो हो । यसमा धेरै भन्दा धेरै सुझाव दिएमा आगामी दिनमा काम गर्न सहज हुने छ । हामि  यहां आयौ यहााको अवस्था र जनताका समस्या पहिचान केही हदसम्म भयो । तपाईहरु ढुक्क हुनुहोस केही न केही परिवर्तन हुन्छ  । यस्ले हामीलाई पहिला के कार्यमा प्राथामिकता दिनु पर्छ भन्ने कुराको जानकार भएको छ । गाउं परिषदबाट बजेट पास गर्दा पहिलो आवश्यकतालाई ध्यान दिनु सचिवले गलत गरेमा उजुरी गर्नुहोस कारवाही हुन्छ। परिषद गर्दा समानुपातिक विकासको अवधारणमा योजना छनौट हुन्छ  । महत्वपुर्ण सहभागि र सुझावको लागि यहांहरुलाई हार्दिक धन्यवाद ।

२. **नेत्र बोहोर कार्यालय  प्रमुख सिचांइ डिभिजन कार्यालय कपिलवस्तु ,**

बिभिन्न विषयमा प्रश्न उठे वास्तवमै सार्वजनि सुनुवाई अत्यान्तै राम्रो भएको छ । सिंचाइमा हालसम्म कपिलवस्तुको सदरमुकाम क्षेत्र आसपास मात्र योजना निर्माण हुने र खर्च पनि सोही अनुसार हुने गरेको रहेछ म आएको एक वर्ष भयो मैले आगामी दिनमा जिल्लामा समानुपातिक रुपमा पाच वटै निर्वाचन क्षेत्रको लगाी सिचांइ योजना तयार पारेको छु । तपाइहरुले बेला बेलामा आएर कार्यालयमा सम्पर्क गर्ने काम गर्नुहोस् ।

३. **विरेन्द्र सिंह : इञ्जिनियर , सडक डिभिजन कार्यालय शिवपुर**

जिल्लामा सडक विकासको काम दुत्र गतिमा गएको छ । यस क्षेत्रको आर टि ओ सडक पिच हुने काम जारी छ । त्यो लगातार हुन्छ र केही बर्षमा सम्पन्न हुन्छ ।

४. **सन्तोष गुरुङ्ग, इन्चार्ज , स्वास्थ्य चौकी गणेशपुर,**
स्वास्थ्य क्षेत्रमा केही परिवर्तन हुदै गएको छ । यस क्षेत्रका जनता निरक्षर तथा अशिक्षित भएको कारण जनचेतनाको खाचो छ । विस्तारै सेवाको पहुंच वढ्दै गएको छ । जिल्ला तथा केन्द्रवाट औषधी नआउदा समस्या पर्दछ । त्यसको लागी केन्द्रमा दवाव दिन जरुरी छ ।

सार्वजनिक सुनुवाईका निणयहरु....:

१. जिल्ला विकास समिति, विषयगत कार्यालयहरु र विषयगत कार्यालयहरुले आव २०७३ ।७४ को प्रथम चौमासिकमा गरिएका  कामहरुको समिक्षा गरियो ।

२. जिल्ला विकास समिति  तथा विषयगत कार्यालयहरुले योजना छनोट गर्दा सवै वर्ग तथा क्षेत्रको

आवाजलाई समेट्ने गरी  सहभागितात्मक योजना निर्माण गर्ने सुझाव प्राप्त भयो ।

३. आगामी दिनमा सार्वजनिक सुनुवाई गर्दा विषयगत कार्यालयका प्रमुखहरुलाई अनिवार्य सहभागिता गराउनु पर्ने राय सुझाव प्राप्त भयो ।

४: जिल्ला विकास समिति वाट विगतका वर्षहरुमा संचालन गरिएको लागत सहभागिताका योजनाहरुलाई आगामी वर्षमाहरुमा निरन्तरता दिन जिविसलाई अनुरोध भएकोले उक्त विषयलाई आगामी जिल्ला परिषदमा पेश गर्ने निर्णय गरियो ।

५:आयुर्वेद कायालय गशेपुरको लागी भवन निर्माणको लागी प्राप्त जग्गामा निर्माण कार्य अगाडी बढाउन इलाका परिषद हुदै जिल्लामा पढाउने निर्णय गरियो ।

६: गद्धा घाट सिर्चाइ योजनालाई पुन सर्वेक्षण गरी यसै वर्ष बाट सिचाइको काम थाल्ल सिचांइ डिभिजन कार्यालयलाई पत्राचार गर्ने निर्णय गर्ने निर्णय गरियो ।

७: गाणेशपुर पथ्थरदेहिया जोड्ने भटनी नालामा पुल निर्माणको लागी जिविसमा बजेट विनियोजनको लागी अनुरोध गर्ने  ।

८: अधुरो वर्थिग  सेन्टर  भवन निर्माणको लागि जिविसले पुरा गर्ने जिविसलाई अनुरोध गर्ने निर्णय गरियो ।
१०: गाविसमा कम्तीमा एक कार्यकाल बस्ने गरी गाविस सचिव खटाइदिन जिविसलाई अनुरोध गर्ने ।

**निष्कर्ष :**

सामाजिक जवाफदेहिता अभिवृद्धिको लागि सार्वजनिक  सुनुवाई एउटा बलियो संन्यत्र हो । कपिलवस्तु जिल्लाको जीतपुरमा  सम्पन्न सार्वजनिक सुनुवाईले जिल्लाका जिल्ला विकास समिति, सिर्चाइ कार्यालय , सडक कार्यालय। स्वाथ्य कार्यालय लगायतका का कर्तव्य प्रति जिम्मेवार बनाउन मात्र नभई आम नागरिकले सामाजिक जवाफदेहिता अभिवृद्धि गर्नका लागि के भूमिका निर्वाह गर्नु  पदर्छ,नागरिकका कर्तव्य के हुन भन्ने बिषयमा आम नागरिकलाई पनि जिम्मेवार बोध गराउन सफल भएको छ । सार्वजनिक सुनुवाईले शिक्षाको अवस्था, सडकको अवस्था, पुल, खानेपानी तथा सरसफाई लगायतका समस्याबारे सरोकारवालाई जिम्मेवार बन्न मदत पुऱ्याउनका साथै पहिलो प्राथामिकतामा के लाई राख्नु पर्छ भन्न कुराको समेत जानकारी दिलाएको छ । यसै गरि यि समस्या समाधान गर्न नागरिकको के भूमिका हु भन्ने विषयमा पनि नागरिकहरु जानकार भएका छन् । जस्ले आम नागरिक जिम्मेवारबन्न मद्दत गर्नेछ ।

तसर्थ : यस्ता सार्वजनिक सुनवाई निरन्तर हुन थालेमा नागरिकले गुनासो मात्र नभई समाधान पनि खोज्न थाल्ने छन् भने समाजमा रहेका भष्ट्राचार बेथिती र आर्थिक अपराध हराएर उत्तरदायी समाजको निमार्ण हुनेछ ।

सार्वजनिक सुनुवाई २०७३
जिल्ला विकास समिति कपिलवस्तु प्रथम चौमासिक

अनुसूची – २

बुँदानम्बर ६.१३. सँग संबन्धितप्रश्नावलीभाग– १

# नागरिक प्रतिवेदन(Citizen Report Card )

( सन्तुष्टि वा असन्तुष्टिजना,उने )

**कुल सहभागी : ३९ जना,**

१) सेवाग्राहीको लिङ्ग– पु/स्त्रीः पुरुषः(**२३**)महिलाः(**१६**)

२) जात : पिछडाबर्गः (**८**), आदिवासीजनजातीः(**५**),दलितः(**७**),मुस्लिमः(**७**) र अन्यः(**१२**) जना,

३) उमेर : २० वर्ष सम्मः( **४**), २० देखी ४०:( **२२**) ४० देखी ६०:(**९**) ६० भन्दामाथिः(**४**)जना, जस्मा १८ देखी७० वर्ष सम्मकानागरिकको सहभागिता रहेको छ ।

४) शिक्षा : स्नातकतहः(**७**), प्रमाणपत्र तहः(**७**) एस.एल.सी:(**६**), साक्षरः(**९**) जना, र निरक्षरः (**१०**) जना,

५) पेशाः कृषिः(**१०**), कर्मचारीः (**५**),व्यापार (**७**) र बिद्यार्थी (**६**), **केहीगर्दैनम (११)**

**प्रशनावलीभाग १**

**१. सेवाको सन्तुष्टि**

१.१ तपाइँले यस कार्यालयबाट समग्रमाकतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट(**४**) **जना,**ठीकै(**२६**) **जना,**असन्तुष्ट(**९**) **जना,**

१.२ सेवालिनजाँदाकर्मचारीकोव्यवहारप्रतितपाई कतिको सन्तुष्ट हुनुहुन्छ?

सन्तुष्ट(**११**) **जना,**ठीकै(**२३**) **जना,**असन्तुष्ट(**५**) **जना,**

**२. सेवाको नियमितता**

२.१ नागरिक वडापत्रमा उल्लेखभएअनुसार तपाईले प्राप्तगर्नुपर्ने सेवामालागेको समय प्रतिकत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट(**८**) **जना,**ठीकै(**२०**) **जना,**असन्तुष्ट(**११**) **जना,**

२.२ कार्यालय नियमित रुपमा( कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तताका साथसञ्चालनभएको छ भन्ने कुरामाकतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त(**१०**) **जना,**ठीकै(**१९**) **जना,** अविश्वस्त(**१०**) **जना,**

२.३ तपाईले सेवालिनजाँदाअतिरिक्त रकर्मु तिनभयो ?

तिरेको छैन(**२४**) **जना,**एकदमै कम(**११**) **जना,**धेरैतिरेको(**४**) **जना,**

२.४ यस कार्यालयले सार्वजनिकचासो तथा समस्या समाधानगर्नऔसत कतिदिनलगाउने गरेको छ?

१दिन(**११**) **जना,**२ दिन(**१३**) **जना,**धेरैदिन(**१५**) **जना,**

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस संस्थाले दिने सेवाप्रतितपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त(**१७**) **जना,**ठीकै(**१६**) **जना,**अविश्वस्त(**६**) **जना,**

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमाअरुलाईजानकारी गराईकत्तिकोप्रचारगर्नु भएको छ?

धेरै(**५**) **जना,**ठीकै(**१५**) **जना,**गरेको छैन(**१९**) **जना,**

३.३ यस संस्थामाकार्यरत कर्मचारी प्रतितपाईको विश्वास कत्तिको छ ?
धेरै(१४) **जना**,ठीकै(१७) **जना**,विश्वास छैन(८) **जना,**

३.४ यस कार्यालयले विपन्नवर्गको लागि छुटयाएको् सेवाप्रयोग गरेकोथाहापाउनु भएको छ ?
छ (८) **जना**,छैन (२०) **जना**,अलिअलिथाहा छ(११) **जना,**

**४. सेवाको गुणस्तर**

४.१ यस कार्यालयबाट सेवालिंदाकार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
सन्तुष्ट(१३) **जना**,कम सन्तुष्ट(२१) **जना,** असन्तुष्ट(५) **जना,**

४.२ तपाई यस कार्यालयमाआउँदाकसको सहयोग लिनुभयो ?
आफै(१९) **जना**,गाउँका ठूलाबडाको (११) **जना**,मध्यस्थकर्ता(९) **जना,**

४.३ यस कार्यालयमातपाईले एउटा कामको लागिकति पटक धाउनु पर्‍यो ?
१ पटक (१०) **जना,** २ पटक(१४) **जना,** सो भन्दा वढी(१५) **जना,**

**५. सेवा सम्बन्धीजानकारी**

५.१ कार्यालयको भौतिकअवस्था कस्तो छ ?
अति राम्रो(११) **जना,** ठीकै (२२) **जना**,नराम्रो(६) **जना,**

५.२ कार्यालयमाभएको नागरिक बडापत्र बारे तपाईलाइजानकारी छ ?
छ (१५) **जना,** आंशिकजानकारी छ (१३) **जना**,कुनै जानकारीछैन(११) **जना,**

५.३ कार्यालय र सेवाग्रहीबीचको सम्बन्ध कस्तो छ ?
अति राम्रो(८) **जना,** ठीकै (२३) **जना**,खासैराम्रोछैन(८) **जना,**

५.४ सञ्चालनगरिने सार्वजनिककार्यक्रममासीमान्तवर्गको उपस्थितिकतिप्रतिशतसम्म हुने गरेको छ ?
२० प्रतिशतजति(१६) **जना,** ५० प्रतिशतभन्दामाथि(२) **जना,** थाहा छैन (२१) **जना,**

५.५ परिषदमा राष्ट्रिय नीतिनिर्देशिकाअनुसार समावेशीप्रकृतिकोप्रतिनिधित्वभएकोछ?
छ(६) **जना**,ठीकैछ (१४) **जना**,प्रतिनिधित्व साह्रै कम छ (१९) **जना,**

**६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रकोउपयोग कुनहदसम्म गरेका्? छन
धेरै (५) **जना**,कम(१९) **जना,** गरेको छैन (१५) **जना,**

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिकबडापत्र अनुरुपकतिहदसम्म सेवाप्रदान गरेको जस्तो लाग्छ ?
धेरै (११) **जना,** ठीकै (२०)**जना**,अतिकम(८) **जना,**

६.३ तपाईको विचारमाउजुरी पेटिकाकोउपयोग कुनहदसम्मभएको छ ?
धेरै भएको(२) **जना,** ठीकै भएको छ (११) **जना**,भएकै छैन(२६) **जना,**

**प्रश्नावलीभाग – २**

**१. सिफारिस सम्बन्धी**

१.१ सिफारिसको लागिचाहिने आवश्यककागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?
पाएँ(८) **जना**,ठीकै पाएँ(२०) **जना**,स्पष्ट पाइँन(११) **जना,**

१.२ कुनैसिफारिसको लागिलाग्ने दस्तुर बाहेक अतिरिक्त रकमदिनु पर्‍यो?
दिएँ(**१**) **जना,**थोरै दिएँ(**३**) **जना,**मागिएन र दिइएनपनि(**३६**) **जना,**

१.३ त्यहाँबाट दिनेसिफारिस लिंदाकसको सहयोग लिनुभयो?
आफैं(**२४**) **जना,**मध्यस्थकर्ता वाकार्यालयकै मान्छे(**९**) **जना,**नेता /ठूलाबडा (**६**) **जना,**

१.४ राजस्व, शुल्कतथा दस्तुर को कस संग उठाउने गर्दछन्?
सबैसँग कर उठाउँछन्(**३०**) **जना,**सीमितव्यक्ति सँग मात्र कर उठाउँछन् (**३**) **जना,**
धेरै वक्यौता रहने गरेको छ (**६**) **जना,**

**२. पूर्वाधार तथा सरसफाईसम्बन्धी**

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?
राम्रो(**४**) **जना,**ठीकै(**३०**) **जना,**खराब(**५**) **जना,**

२.२ कार्यालयमा सरसफाईसम्बन्धीगुनासो गर्दा त्यसमाथिकारवाहीकत्तिगरिन्छ ?
तुरुन्तै हुन्छ(**५**) **जना,**पटक पटकभनेपछि मात्रै हुन्छ(**२६**) **जना,**जतिभनेपनिहुन्न(**८**) **जना,**

२.३ तपाईकोविचारमाजि.वि.स./न.पा./गा.वि.स.ले सरसफाई तथाजनस्वास्थ्यसम्बन्धी कार्यक्रमके कस्तो किसिमलेगर्छ?
नियमित र राम्रो संग(**८**) **जना,**ठीकै गर्छ(**२०**) **जना,**नियमित रुपमागर्दैन(**११**) **जना,**

२.४ तपाईको गाविस/नगरपालिकामाविकास निर्माणको स्थिति कस्तो छ?
राम्रो (**३**) **जना,**ठीकै(**२०**) **जना,**खराब(**१६**) **जना,**

२.५ सञ्चालन गरेका योजना,हरुकत्तिकोप्रभावकारी छन्?
प्रभावकारी छन्(**४**) **जना,**ठीकै छन्(**२३**) **जना,**प्रभावकारी छैनन(**१२**) **जना,**

२.६ योजना,कोबिलभुक्तानीदिने व्यवस्था कस्तो छ ?
सहज(**६**) **जना,** ठीकै(**२१**) **जना,** अप्ठय्ारो (**१२**) **जना,**

२.७ योजना,हरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?
पर्दैन(**९**) **जना,**मागेरैलिन्छन्(**१५**) **जना,**रकमनदिए अप्ठ्यारो पार्छन् (**१५**) **जना,**

२.८ योजना, सञ्चालनगर्दाप्राविधिक सहयोग कत्तिको पाउनुभयो ?
सजिलै पाइयो(**६**) **जना,**कहिले काँहीपाइयो(**२४**) **जना,**मागगर्दापनिपाइएन(**९**) **जना,**

२.९ विकास निर्माणका बारेमाजानकारीमाग्दा पाउनुहुन्छ ?
सजिलै पाइन्छ(**६**) **जना,**सोधेपछि पाइन्छ(**२७**) **जना,**सोधे पनिपाइदैन(**६**) **जना,**

२.१० स्थानीयनिकायको आचार संहितापालनाभएको छ ?
पालनाभएको छ(**६**) **जना,**ठीकै पालनाभएको छ(**३०**)**जना,**कत्तिपनिपालनाभएको छैन (**३**) **जना,**

२.११ योजना, सञ्चालनगर्दाजि.वि.स./न.पा./गा.वि.स. वाट कत्तिकोसहयोग पाउनुभएको छ ?
धेरैसहयोग पाएकोछु(**१०**)**जना,**ठीकै सहयोग पाएकोछु(**२०**) **जना,**निरुत्साहितगरिन्छ (**९**) **जना,**

**३. यस कार्यालयको तलदिइएकाविविधपक्षहरुमातपाईको अनुभवअ कस्तो छ ?**

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यकश्रोतउपलब्ध(**७**) **जना,**कमश्रोत उपलब्ध(**२३**) **जना,**अतिकमश्रोतउपलब्ध(**९**) **जना,**

३.२ कामगर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?
अति सरल (**८**) **जना,**ठीकै(**२१**) **जना,**जटिल (**१०**) **जना,**

३.३ कार्यालयमाभएकाकर्मचारीमा सीप कस्तो छ ?
आवश्यक सीप छ (**१३**) **जना,**आवश्यकताभन्दाकम छ (**१९**) **जना,**सीपनिकै कम छ(**७**) **जना,**

३.४ जि.वि.स./न.पा./गा.वि.स. कोआम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ? टाँसेको देखेकोछु(**५**) **जना,**कहिले काँही टाँसेको देखिन्छ (**१४**) **जना,** खै कतै देखिएन(**२०**) **जना,**

३.५ कार्य सम्पन्नको आधारमामूल्यांकनभएको छ कि छैन ?
छ (**०**) **जना,** ठीकै मूल्यांकनहुने गरेको छ (**३९**) **जना,**कहिले पनिभएको थाहा छैन(**०**)

३.६ वर्तमान्कार्य सञ्चालन संरचनाप्रतिकत्तिको सन्तुष्ट हुन्छ ?
सन्तुष्ट(**१६**) **जना,**ठीकै(**२०**) **जना,**कुनै जानकारी छैन(**३**) **जना,**

**४. पारदर्शिता सम्वन्धी**

४.१ जि.वि.स./न.पा./गा.वि.स.माअहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइकार्यक्रम सम्पन्नभए?
१ वटा(**३**) **जना,**२ वटा(**१**)**जना,**कार्यक्रमबारे कुनै जानकारी नैछैन(**३५**) **जना,**

४.२ जि.वि.स./न.पा./गा.वि.स. माअहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रमसम्पन्नभए धेरै(**४**) **जना,**कम(**१९**) **जना,**भएकै छैन(**१६**) **जना,**

४.३ जि.वि.स./न.पा./गा.वि.स. मावार्षिक रुपमासामाजिक परीक्षण भएको छ ?
भएको छ(**३**) **जना,**अहिलेसम्म सञ्चालनभएकै छैन(**१६**) **जना,**कार्यक्रमबारे कुनै जानकारी नै छैन (**२०**) **जना,**

४.४ सार्वजनिक सुनुवाइमागरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयनभएको छ?
धेरै(**३**) **जना,** ठीकै(**१०**) **जना,**कम(**२६**) **जना,**

४.८ सार्वजनिक सुनुवाइको अनुगमनगर्ने संयन्त्रको विकास भएको छ ?
संयन्त्रबनेको(**८**) **जना,**कुनै संयन्त्रबनेको छैन(**१०**) **जना,**कुनैजानकारी नै छैनं(**२१**) **जना,**

४.९ यस कार्यालयको वार्षिक नीति, कार्यक्रमर श्रोतकाबारेमाजानकारी पाउनु भएको छ ?
धेरै जानकारी पाएको छु(**२**) **जना,**ठीकै जानकारी पाएको छु(**१०**) **जना,**कमजानकारी पाएको छु(**२७**) **जना,**

**अनुसूची–३**

**बहिर्गमनअभिमत(Exit Poll )संकलनगर्नेढाँचा**

**बुँदानम्बर ३.४ सँग संबन्धित**

**बहिर्गमनअभिमतकुल सहभागी : ३८जना,**

१) सेवाग्राहीको लिङ्ग– पु/स्त्रीः पुरुषः(**२५**)महिलाः(**१३**)

२) जात :आदिवासीजनजातीः(**५**),दलितः(**४**),र अन्यः(**१५**)जना ।

३) उमेर :१९ देखी ४०ः(**२०**) ४१देखी ६०ः(**११**) ६० भन्दामाथिः(**७**)जना ।

४) शिक्षा : स्नातकोत्तरतहः(**४**),स्नातक (**७**)प्रमाणपत्र तह र एस.एल.सीः(**१२**) **र** साक्षरः(**१५**)जना ।

५) कार्यालय सम्मआइपुग्दाको समय :बिहान १० बजे देखी ५ बजे सम्म

६) यस कार्यालयको काममामात्रआउनु भएको हो ।

७) कार्यलयमा देहायको कुनकामको लागिआउनु भएकोरजाहो( ✓)चिन्हदिनुहोस्।

क) सिफारिस लिन/पुऱ्याउनः

ख) दर्ता/नवीकरण

ग) आर्थिक सहयोग लिन

घ) योजना,मागगर्न

ङ) योजना,को किस्तालिन

च) योजना,को मूल्याङ्कन गराउन

छ) योजना,को अन्तिमभुक्तानीलिन

ज) स्थानीयनिकायले राखेको सूचनाप्राप्तगर्न

झ) सूचनामूलक सामग्रीप्राप्तगर्न

ञ) अन्यकुनै भए

**मूल्याङ्कन-उपयुक्तकोष्ठमा रेजा( ✓ ) लगाउने**

१. सेवालिनको सँग सम्पर्क गर्ने भन्ने तपाईलाई स्पष्ट जानकारी भयो

अति स्पष्ट(**५** )**जना,** ठीकै(**२२**) **जना,**अस्पष्ट(**११**) **जना,**

२. सेवाप्रदायककर्मचारीले तपाईको आवश्यकता र अपेक्षाकतिबुझे जस्तोलाग्यो ?

अति धेरै(**२**) **जना,**ठिकै (**३०**) **जना,**थोरै(**६**) **जना,**

३. तपाईप्रति सेवाप्रदायककर्मचारीले कस्तो मिलनसार रव्यवहार गरे ?

मैत्रीपूर्ण(**८**) **जना,**ठीकै (**३०**) **जना,**अभद्र/अमर्यादित(**०**) **जना,**

४. सेवाप्राप्तगर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारेतपाईलाई सेवाप्रदायक कर्मचारीलेगरे कि?
अति स्पष्टगरिदिए(६) **जना**,ठीकै(२८) **जना**,अलमल्लहुनेगरी अस्पष्टसूचनादिए (४)**जना**,
५. तपाईले राख्नुभएका समस्यालाई के–कस्तोसमाधानदिए?
अति सजिलो तरिकाबाट समाधानदिए(**१५**) **जना**, ठिकै (**१९**) **जना**,समाधानदिन सकेनन(४) **जना**,
६. सेवाप्राप्तगर्न अपनाइएको प्रक्रिया के –कस्तो लाग्यो?
अति सजिलो (छोटो) (**६**) **जना**, ठिकै (**१७**) **जना**,लामो रझन्झटिलो(**१५**) **जना ।**

**कार्यालयको कुन–कुनपक्षमा धेरै राम्रो लाग्यो,– कुनपक्षलाई सुधार गर्नुपर्ने देखियो ?**

| रामृलागेका कुराहरु | सुधार गर्नुपर्नेविषयहरु |
|---|---|
| १. कर्मचारी मिलन सार हुनु ।<br>२. सूचना सम्प्रेषण<br>३. सूचना प्रधान गर्ने ।<br>४: कामको प्रकृया सरल तरिकाले जानकारी दिने | १.कर्मचारी आ-आफ्नो फाटमा भेटिनु पर्यो ।<br>२. कार्यलय समयमा कार्यालयमा हुनु पर्ने ।<br>३. सहज र सरल तरिकाले काम सम्पन्न गर्नु पर्ने ।<br>४. कार्यक्रमहरुको सही कार्यान्वयन हुनु पर्ने ।<br>५. आधुनिक प्रणालीबाट काम गर्नु पर्ने ।<br>६. भष्टाचारको अन्त्य गर्नु पर्ने ।<br>७. जिविसमा योजनाहरु स्वीकृत गराउदा र योजनाको भुक्तानी माग्दा प्रतिशत तोकिएको छ सो कार्य बन्द गर्नु पर्ने ।<br>८. मुस्लिम, दलित, महिला र बालबालिकाको बजेट सहीतरिकाले कार्यान्वयनगर्नु पर्ने ।<br>९. कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनु पर्ने ।<br>१०. मासिक आय व्यय सार्वजनिक हुनु पर्ने<br>११.खुल्ला दिशामुक्त कार्यक्रममा बिशेष ध्यानदिनु पर्ने<br>१२.बजेट पारदर्शी हुनु पर्ने ।<br>१३. सबै योजनाहरुको पारदर्शी रुपमा सबैले बुझ्ने गरि बजेट सार्बजनिक गर्नु आवश्यक छ ।<br>१४. उपभोक्ता समितिले गरेका काममा बाडी चुडी खाने काम भएकोमा कारवाही गर्नु पर्ने ।<br>१५. जिल्ला प्राविधिक कार्यालयका ईन्जिनियर र ओभरसियरहरुको |

| | |
|---|---|
| | कार्यको निगरानी गर्नु पर्ने । उपभोक्ता समिति संग मिलेर कमिसन खाने गरेकोमा कारवाही हुनु पर्ने । |

**१. बिभिन्नआधारमा सन्तुष्टीको मात्राप्रतिशतमा :**

















aily 5 November 2016 Saturday । २० कार्तिक २०७३, शनिबार बुद्ध दर्पण

## जिल्ला विकास समिति कपिलवस्तुको सूचना !!!

जिल्ला विकास समिति कपिलवस्तुको आयोजना र रेडियो वाणगंगा कपिलवस्तुको व्यवस्थापनमा जिविस कपिलवस्तुको आर्थिक वर्ष २०७३।७४ को प्रथम चौमासिक कार्यक्रमको सार्वजनिक सुनुवाई निम्न मिति समय र स्थानमा राखिने कार्यक्रम भएकोले स्थानीय सेवाग्राही, सरकारी तथा गैर सरकारी कार्यालयका प्रतिनिधी तथा सरोकारवला सबैमा उपस्थितीको लागि अनुरोध गर्दैछौं ।

*मिति :* *२०७३ कार्तिक २६ गते शुक्रबार*
*समय :* *दिउसो १२:०० बजे*
*स्थान :* *लौटनराम द्रोपती मा.वि. गणेशपुर गाविस, कपिलवस्तु*



... सुनौलो १००० दिन कुपोषणको चक्र तोड्ने र बच्चाको शारीरिक

युरोपियन यूनियन र युनिसेफको अर्थिक प्रविधिक सहयोग तथा जिल्ला स्वस्थ्य

... जिल्ला स्वस्थ्य कार्यालयका योगेन्द्र भगत,जिल्ला शिक्षा अधि... लगायतले मन्तव्य दिएका थिए।

# सार्वजनिक सुनुवाई कार्यक्रम संपन्न

***साझा न्यूज/तौलिहवा***

जिबिस कपिलवस्तुले गणेशपुर गाबिसमा चालु आर्थिक बर्षको प्रथम त्रैमासिकमा गरिएको योजना लगायतका कार्यहरुको बिषयमा सार्वजनिक सुनुवाई संपन्न गरेको छ। रेडियो बाणगंगाको ब्यवस्थापनमा आयोजित कार्यक्रममा सहभागीहरुले जिबिस, गाबिस, सिंचाई लगायतका निकायले बजेट पारदर्शीरुपमा खर्च गर्नु पर्नेमा जोड दिएका थिए। आरटिओ सडक निर्माणमा पहल गर्नु पर्ने, पुल पुलेसा निर्माणमा ढिलाई गर्न नहुने, सिंचाई आयोवना संचालन गर्नु पर्ने, बिद्यालयहरुलाई सहयोग गर्नु पर्ने, महिला स्वयमसेविकाको सेवा सुबिधा बढाउनु पर्ने लागतयका कुरा उठाएका थिए। सो अवसरमा जिबिसका योजना अधिकृत रामचन्द्र ढकालले स्थानीयबासीले पनि आफनो ठाउको बिकासमा चासो दिनु पर्ने बताए। जिबिसले विकास निर्माणमा लागानी गर्न तयार रहेको भन्दै उनले विकास निर्माणमा सबैले हातेमालो गर्नुपर्ने बताए। सो अवसरमा संचारकर्मी किरणमान बज्राचार्यले नागरिक प्रतिबेदन र बर्हिगमन अभिमतको निचोड प्रस्तुत गरेका थिए। गाबिस सचिव अनिरुद्ध सिंह कुर्मीको अध्यक्षता, संचार कर्मी मणि प्रसाद गैरेको संचालनमा भएको कार्यक्रममा सिंचाई डिविजन कार्यालयका प्रमुख डिई नेत्र बोहेरा, सडक डिबिजनका ईन्जीनियर बिरेन्द्र सिंह कुवर, जिबिसका सुचना अधिकृत राजन कुमार पोखेल, जिबिसका प्रशासन फाट प्रमुख रेशम शर्मा लागतले मन्तब्य दिएका थिए। कार्यक्रममा कृषि र आयुर्बेदिक संपर्क केन्द्र, ईलाका प्रहरी कार्यालकया प्रतिनिधि लागतयत ६० बढीको सहभागीता रहेको थियो।

साझा न्यूज
खोजी खोजी पढौं

पश्चिमाञ्चल व्यवसायी समिति,प्रधान कार्यालय बुटवलको अत्यन्त...

समाप्त
धन्यवाद ।